थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## जग्गा दान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०९ गते**

**सूचना नं.:१४/०८२/०८३**

प्रस्तुत विषयमा यस थबाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थबाङ, रोल्पा वडा नं. ४ घोराबाङ क्षेत्रमा ४ नं वडा कार्यालयको भवन निर्माण गर्ने निर्णय भएकोमा उक्त कार्यका लागि ४ नं वडा कार्यालयको नाममा कुनै पनि उपयुक्त सार्वजनिक जग्गा नरहेकाले जग्गा दाताहरूबाट दान गरी जग्गा प्राप्त गर्नुपर्ने भएको हुँदा तपशिलको शर्तको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (३० औं दिनमा सार्वजनिका विदा पर्ने भएमा सोको भोलिपल्ट) जग्गा दान सम्बन्धी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. जग्गा भवन निर्माण मापदण्ड अनुसार कम्तिमा पनि ०-०२-०० रोपनी, पूर्व तर्फ तेलखोला पश्चिम तर्फ मलागिरी गाउँ उत्तर तर्फ मुनधारा दक्षिण तर्फ श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय अन्तर्गतको चार किल्ला क्षेत्रभित्रको हुनुपर्नेछ।

२. जग्गाको जग्गा धनि दर्ता प्रमाण-पत्र, चालु आ.व. सम्म बुझाउनु पर्ने कर तिरेको काजातहरू, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, गाउँपालिकाको आन्तरिक राजस्व खाता, खाता नं. २८५०४०१००००००९ मा रु. एक सय मात्र जम्मा गरेको भौचर संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

३. पेश भएका प्रस्तावहरू ३१ औं दिन अपहरान्न १२:०० बजे प्रतिनिधिहरुको रोहबरमा गाउँपालिका कार्यालयमा खोलिने छ। प्रतिनिधिहरूको उपस्थिति नभएको खण्डमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

४. पेश भएका कागजातहरू छानबिन गरी स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

धन बहादुर ओली
नि. प्रमुख प्रशासकीय अधिकृत